# मण्डनदेउपुर नगरपालिका
## MANDANDEUPUR MUNICIPALITY
## नगर कार्यपालिकाको कार्यालय
## Office of the Municipal Executive
**महादेवस्थान**
**Mahadevsthan**


०११४१२११२
०११४१२११३
०११४१२११४

काभ्रेपलाञ्चोक
Kavrepalanchok
बागमती प्रदेश, नेपाल
Bagamati Province, Nepal


पत्र संख्याः
चलानी नं.

मितिः २०७८/१२/०६

विषयः गलत सूचनाको खण्डन सम्बन्धमा ।

आदरणीय नगरवासी दाजुभाई तथा दिदी बहिनीहरु,

हालै यस मण्डनदेउपुर नगरपालिका तथा जनप्रतिनिधिहरुलाई जोडेर सामाजिक सञ्जालहरुमा विभिन्न टिका टिप्पणी भएको र कुनै पनि प्रमाणित नभएको कुरालाई लिएर जनमानसमा भ्रम फैलाउने गरि कुप्रचार गरेको कुरामा यस नगरपालिका तथा जनप्रतिनिधिहरुको ध्यानाकर्षण भएको छ । अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मिति २०७८/०१/२३ गते यस नगरपालिकाको नाममा पत्राचार भएको यथार्थ हो । सो पत्रको विषयमा माग गरिए बमोजिम राय तथा प्रतिक्रिया समयमा नै उपलब्ध गराई सकिएकोमा लगभग एक वर्ष अगाडिको पत्रमा उल्लेख भएको कुरालाई लिएर यथार्थमा नै अनियमितता भएको हो भनेझै गरि प्रचार गरिएकोले उक्त कुरा अप्रमाणित र उजुरी परेपछि आयोगका तर्फबाट सोधपुछका क्रममा गरिएको पत्राचार मात्र भएको व्यहोरा सम्पूर्णमा जानकारीका निमित्त अनुरोध छ । साथै यस्ता निराधार हल्लाका भरमा कुनै पनि कर्मचारी, जनप्रतिनिधी तथा सर्वसाधारणहरुलाई निरासा तथा हतोत्साही नहुन र कुप्रचार गर्नेहरुलाई नियम संगत ढंगले आफ्ना जिज्ञासाहरु भएमा सम्बन्धित निकायमा सोधपुछ गरी सुसूचित भई उत्तेजनामा नआउन तथा भ्रम नछर्न अनुरोध गर्दछौं ।साथै यस नगरपालिकाले तोकिएका विधि पद्दती तथा आर्थिक ऐन, नियम बमोजिम गरेका लोकप्रीय  कार्यक्रमहरु स्वीकार गर्न नसकी राजनीतिक प्रतिसोधका कारण गलत समाचार सम्प्रेषण गरी जनप्रतिनिधि तथा कर्मचारीहरुको व्यक्तिगत चरित्र हत्या गर्न गरिएका विभिन्न कुप्रचारको भ्रममा नपर्न सम्पूर्णमा जानकारी गराउदै कुप्रचारीत गलत सूचनाको खण्डन गर्दछौं ।

नेत्र प्रसाद ढकाल
लेखा समिति संयोजक

माधव प्रसाद न्यौपाने
लेखा समिति सदस्य

भुवन प्रसाद बजगाँई
लेखा समिति सदस्य

डिल्लि प्रसाद आचार्य
नगर प्रवक्ता

टोकबहादुर वाइवा
नगर प्रमुख